हाम्रो नेपाली पार्टीको

# “लौरो अभियान”

# प्रतिबद्धता पत्र



## चुनाव चिन्ह

# लौरो






**चुनाव चिन्ह लौरोमा मतदान गरी अत्याधिक बहुमतले विजयी गराऔं ।**

# "लौरो अभियान"

हाम्रो नेपाली पार्टीको

## प्रतिबद्धता पत्र

चुनाव चिन्ह लौरो

नेपाली राजनीतिको परम्परागत मानक भत्काउन र जसरी पनि देश बचाउने बनाउने अभियानमा जुर्मुराएको छ "लौरो अभियान"। वर्षौं देखि सपना मात्रै बाड्ने, काम केही नगर्ने राजनैतिक नेतृत्वका पुस्तान्तरणका लागि स्वतन्त्र तथा वैकल्पिक शक्ति एकजुट भएका छौं। हामी संग पूराना राजनीतिक दल र नेतृत्वको सही विकल्प खोज्नु बाहेक अर्को विकल्प थिएन। हामी अहिले हजुरको घर दैलोमा लौरो लिएर र हजुरको साहारा बनेर आएका छौं। हुन त परम्परागत राजनैतिक दल प्रति जनताको बितृष्णा र परिवर्तनको हुटहुटि स्थानीय तह निर्वाचनबाट प्रष्ट देखिसकेको छ। स्थानीय तहलाई पूर्ण स्वतन्त्र बनाउनुपर्ने एजेन्डासहित बिभिन्न स्वतन्त्र समुहले सुरु गरेको स्वतन्त्र उम्मेदवारी अभियान देशव्यापी बन्यो। देशैभरि नमिलेको बेथितिविरुद्ध स्वतन्त्र राजनीतिक अभियान्ताहरुले स्वतन्त्र उम्मेदवारी घोषणा गरेर चुनावमा पनि गए। देशै भरिबाट सुरु भएको स्वतन्त्र लहर वैकल्पिक राजनितिक शक्तीको ध्रुविकरण भएको छ।

### हाम्रो नजरमा नेपाल...

नेपाललाई "दुई ढुङ्गा बिचको तरुल" भन्ने गरेता पनि हाम्रो देश नेपाल त "दुई ढुङ्गा बिचको हिरा" हो। संसारको गुरु राष्ट्र हो हाम्रो देश, विश्वको आँखो हो हाम्रो देश। संसारको मुटु हो हाम्रो देश, आदि गुरु आदियोगिको देश हो नेपाल। संसारको पहिलो भाषा संस्कृतको उद्धगम स्थल हो नेपाल, पहिलो ग्रन्थ मनु स्मृति लेखिएको देश हो नेपाल। वेदब्यास, कश्यप, कपिल ऋशिमुनी महर्शिहरुको देश हो नेपाल। बुद्ध जन्मेको र शान्तीको स्थापना भएको देश हो नेपाल। संसारको कर्मभुमि, तपोभुमी, ज्ञानभुमी, सत्यभुमी, शान्तिभुमी, देवभुमी र मोक्षभुमी हो नेपाल। सभ्यता अनि बिरताको प्रतीक हो नेपाल। इतिहासमा कहिल्ले नहारेको र नझुकेको महान राष्ट्र हो नेपाल।



### हाम्रो दर्शन र सिद्धान्त

हाम्रो नेपाली पार्टी (**लौरो अभियान**) को राजनैतिक दर्शन नेपालवाद हुनेछ। नेपालवादले नेपाली नागरिक र राष्ट्रको स्वाधीनता सहितको उन्नतीलाई स्थापित गर्ने दिशानिर्देश गर्दछ। स्वाधीनता सहितको उन्नतीलाई स्थापित गर्न लोकतन्त्रका आधार भूत मूल्य र मान्यताहरुलाई अंगिकार गर्दै नेपालको ऐतिहासिक पहिचान संस्कृति र बिरासतलाई कायम राख्नु नेपालवादको मूल मर्म हुनेछ।

नेपालको राजनीति गलत दिशातर्फ उन्मुख भइरहेको कुरा सर्वसाधारण जनता, सचेत युवाहरू र बुद्धिजीवी सम्म सबैलाई बोध भइरहेको तथ्यलाई आत्मसात गर्दै नेपालवादलाई मार्ग सिद्धान्त मानेर नयाँ स्वतन्त्र तथा वैकल्पीकहरुको शक्ति निर्माण गर्नु अपरिहार्य आवश्यकता छ।

### सिद्धान्तहरू

- राष्ट्रियता
- एकता
- मानवता
- मौलिकता/सनातन
- सहकार्य
- स्वाभिमान
- आत्मनिर्भरता

### राष्ट्रिय योजना

- अबको विकास - दिर्घकालिन निकाश सहितको दिर्घकालिन मास्टरप्लान बनाएर १ बर्ष, ५ बर्ष ५० बर्ष को योजना बनाएर अगाडि बढ्ने छौ।
- ७ वटा प्रदेशमा ७ वटा चक्र निर्माण गरि तराई पहाड र हिमाललाई जोडेर ७ वटा चक्रपथ तथा अध्यामिक मार्ग बनाइने छ।
- ७७ वटा जिल्लाहरुमा शिक्षा, स्वास्थ्य, कृषि, पर्यटनको अवधारणा सहित मास्टरप्लान बनाएर नेपालका हरेक सहर र गाउँलाई एक स्वर्गको बगैचाको रुपमा सजाउने।
- १६२ वटा फलाम खानि १४७ वटा तामा, सुन, युरानियम सबैको सदुपयोग गर्ने।

- हरेक वडामा कृषि संकलन केन्द्र देखि जडिबुटी प्रसोधन केन्द्र बनाउने
- नेपालमा नुन देखि सुन सम्म, सिवो देखि रकेट सम्म नेपालमै उत्पादन गर्ने र विश्वबजारमा यसको उत्कृष्ट पहिचान बनाउने।
- कला र हाम्रो संस्कृति हाम्रो परम्परा फैलाउने हाम्रो अभिभारा मेलाहरुको पर्वर्धन गर्दै हरेक पुणिमामा देशभर मेला लगाउने।
- सामुहिक बसोबास बनाएर अपाङ्ग, अनाथ, बृद्ध बृद्धा संगै गुरुकुल र गौशला हरेक वडा र नगरमा बनाउने ।
- विपत ब्यवस्थापन नेपालको हरेक विपतको अनुसन्धान गरेर पर्न सक्ने असर न्यूनिकरण गर्ने र आकश्मिक रेस्पोन्सको ब्यवस्था गर्ने ।
- बजेट र आर्थिक निति: बजेटको धेरै प्रतिसत विकासमा लगाउने र कर्मचारि कटौटी गरि दिर्घकालिन विकास गर्ने उत्पादन र सेवामा आत्मनिर्भर सहित विकसित अर्थतन्त्र तर्फ अगाडि बढ्ने ।

## राष्ट्रिय गौरवका योजनाहरु

- विश्व शान्ति संगठन लुम्बिनि वरिपरि बनाउने र सत्य र शान्ती सर्वेत्र फैलाउने ।
- कैलास पर्वत देखि स्वर्गद्वारि सम्म स्वर्ग जाने बाटो, स्वर्गद्वारि देखि सगरमाथा सम्म स्वर्गको बाटो र सगरमाथा देखि कञ्चनजंगा सम्म स्वर्ग पछिको बाटोमा केबलकार घोडा र पदमार्ग बनाउने।
- बुढिगण्डकि अपर कर्णालि र अन्य स्थानमा उर्जालाई पिपिपि मोडेलमा बिकास गर्ने र १० वर्षमा २५,००० मेगा वाट बिजुली उत्पादन गर्ने । सौर्य, वायु र हाईड्रोजनलाई पनि प्राथमिकता दिने।
- खेल - ७ वटै प्रदेशमा १/१ वटा वटा ठूलो क्रिकेट र फुटबल रंगशाला बनाउने । सबै पालिकामा पनि नगर स्थरिय मैदान बनाएर कार्यक्रम गर्ने ।



## नितिगत अवधारणा

- शिक्षा, स्वास्थ, बिमा मार्फत नि:शूल्क गरिने ।
- प्रदेश सरकार र प्रदेश संसद १०८ जना सम्सद प्रत्यक्ष निर्वाचनबाट बेवस्था ।
- आत्मनिर्भरताका आधारमा उत्पादन र सेवामार्फत दिर्घकालिन अर्थतन्त्रमा सुधार गर्ने ।
- स्पेश कानून निति निर्माण गर्ने र नेपालमै सेटेलाईट, रकेट ड्रोन बनाउने परिक्षण गर्ने ।
- ब्लक चेन लगायत अत्याधुनिक प्रतिधिलाई वैधानिकता दिने ।
- रक्तचन्दन, भाङ लगायत बहुमुल्य वृक्ष र जडिबुटि खेति गर्ने ।
- राष्ट्रपतिका लागि ४५ वर्ष हुनुपर्ने नियमलाई २५ बर्ष गराउने ।
- नेपालको स्रोत र खनिजको सदुपयोग गरि यहाँको उत्पादन र प्रशोधनमा ध्यान दिने।
- विदेशि लगानिको लागि Tax Free इन्भेष्टमेन्ट पोलिसि बनाएर हरेक बर्ष लगानि सम्मेलन गर्ने ।
- शिक्षा र स्वास्थ्यलाई ५ वर्ष भित्र बिमा र भाङ, लोकल रक्सि र जडिबुटीको करबाट र विदेशी बिरामी र विद्यार्थि बाट पैसा लिने र नेपालिका लागि निशुल्क गर्ने ।
- युवाहरुलाई स्वदेशमै रोजगारको अवसर श्रीजना गर्ने, उद्दयमशिलता र दिर्घकालिन विकाशलाई प्राथमिकता दिने ।
- बलात्कारीलाई केमिकल क्यास्ट्रेशन गरी नपुसंक बनाउने कानुन बनाउने ।
- भ्रष्टाचारीलाई सम्पत्ति राष्ट्रियकरण र जन्मकैदको ब्यवस्था गर्ने ।
- आगामि चुनाव Electoral Voting System बाट बिदेशमा रहने नेपालिले भोट हाल्ने व्यवस्था गर्ने। हरेक बिकाश अपाङ् मंत्री गर्ने र सबैको लागि समान अवसरको सृजना गर्ने ।
- वृद्धवृद्धालाई र असक्तलाई बाच्न पाउन सक्ने पेन्सन सबैलाई व्यवस्था गर्ने ।
- बिदेशमा रहेका नेपालीलाई भोट दिने बेवस्था गर्ने ।

## लौरो अभियानका विशेषताहरु

### हामी को हौ ?

हामी यो देशलाई १० वर्षमा सामाजिक, आर्थिक र सांस्कृतिक रूपमा सम्पन्न गराउने उद्देश्यले देशभरबाट उठेका युवा हौ । आफू संग भएका सीप, समय, धन, ज्ञान र ध्यान सबै दिएर देश बनाउने हुटहुटी भएका जिम्मेवार नेतृत्वलाई राष्ट्को नितिगत तहमा स्थापिथ गर्नु हाम्रो मुल ध्येय हो ।

### हाम्रो आवश्यकता किन ?

संसार आधुनिक बिकासको उत्कर्षमा अघि अढी रहदा हामी भने चरम आर्थिक अभाव र अप्ठेरो सगै फोहरी राजनिती बाट गुज्री रहनुपरेको अवस्था छ । गठबन्धन र अप्राकृतिक तालमेल गरि उहि पुरानै नेतृत्व फेरी स्थापति भएर देशलाई अझै बिकारल र जटीलता तर्फ धकेल्ने प्रयास भईरहदा हामी बैल्पिक र स्वतन्त्र अभियानको शक्तिहरु एक भई सहकार्य गेरे राष्ट्र निर्माणमा अघि बढ्नु अति अवशयक छ । उच्च आत्मविश्वाशका साथ आत्मनिर्भर, सुसासित र बिकशित नेपाल निर्माणका लागि हाम्रो अभियान साझा उदेश्य बोकी उच्चमनोवलका साथ एकीकृत भएको हो ।

### मौलिक पहिचान र धार्मिक स्वतन्त्रता सहितको नेपाल राज्य

आजभन्दा २५ सयवर्ष अगाडि पवित्र भूमि लुम्बिनीमा जन्मिएर संसारलाई शान्ति र अहिंसा मार्ग देखाउने गौतम बुद्वदेखि नेपाली कला र संस्कृतिलाई अन्तराष्ट्रिय जगतमा फैलाउने अरनीको हुँदै आदर्श नारी सीतालाई जन्म दिने यस देशको विश्वमा आफ्नै छुट्टै मौलिक पहिचान र इतिहास छ । हामीले हाम्रो मौलिक पहिचानलाई कायम राख्नुपर्छ । नेपाल परापूर्वकाल देखि हिन्दू धर्म, सभ्यता र संस्कृतिको उर्वर पवित्र भूमिको रुपमा रहँदै आएको छ । हामीले गौतम बुद्धका विचारहरूलाई आत्मसात गर्दै संसारमा शान्ति र भ्रातृत्वको अगुवाइ गर्नुपर्छ । हामीले सबै धर्महरुलाई सम्मान गर्दै सनातन धर्मको संरक्षण गर्नुपर्दछ । वशुधैव कुटुम्बकम् हाम्रो मुल मर्म हुनेछ ।

### प्रगतिशील लोकतन्त्र

नेपालको राजनैतिक प्रणालीमा सबै वर्ग, जातजाति, भाषा, लिङ्ग, धर्म, संस्कृतिका समुदायहरूलाई राज्यको नीति निर्माणमा सहभागी गराउन तथा राजनीतिको मूल प्रवाहमा समावेश गर्न प्रगतिशील लोकतन्त्रको मान्यतालाई आत्मासात गर्दछौ । उन्नतस्तरको लोकतन्त्रको रूपमा प्रगतिशील लोकतन्त्रको मान्यतालाई आत्मासाथ गर्दछौ । नागरिकको भावना र सार्वभौमिकतालाई केन्द्रमा राखेर निर्णय लिने, नीति निर्माण गर्ने र कार्यान्वयन गर्नु प्रगतिशील लोकतान्त्रीक अभ्यास हो ।

### प्रत्यक्ष निर्वाचित शासन पद्धति

नेपाली जनतालाई आफ्नो सरकार प्रमुख प्रत्यक्ष मतदान मार्फत चुन्न पाउने अधिकार सुनिश्चित गर्नु हाम्रो ध्येय हो । राजनैतिक स्थिरता र स्वाधीनताका लागी प्रत्यक्ष निर्वाचित सरकार प्रमुख प्रणालीको व्यवस्था गरिनेछ ।

### साँसद बिहिन कार्यपालिका

यस अभियानले लोकतन्त्रका परम्परागत मूल्य र मान्यताहरुलाई समेत अंगिकार गर्दछ । हामीले शक्ति पृथकीकरणको सिद्धान्तलाई आत्मसात गर्नु भनेको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका बीचको कार्यविभाजन गरी एक अर्कामा राज्य संचालनको क्रममा सन्तुलन कायम गर्नु हो । विधायकहरूलाई कार्यपालिकामा पूर्ण रुपमा बन्देज गरिनेछ । संघमा तल्लो र माथिल्लो दुवै सदनका सासदहरुलाई मन्त्री बन्ने अधिकार हुनेछैन । त्यस्तै प्रदेश सरकारमा पनि प्रदेश सभा सदस्यहरूलाई मन्त्री बन्न वर्जित गरिनेछ ।

### सुशासन र सदाचार

अहिले नेपालको राज्य व्यवस्था भ्रष्टाचारको पर्याय जस्तो भएको छ । देशको राजनैतिक वृत्त, कर्मचारीतन्त्र, न्यायालय, सुरक्षा निकायलगायत राज्यका सबै अङ्गहरू यसका वाहक बनेका छन् । भ्रष्टाचारको अन्त्य गरी राजनीति र सार्वजनिक सेवाको क्षेत्रमा सुशासन र सदाचार कायम गर्नु हाम्रो आधारभूत लक्ष्य हो । राजनितिक पहुँच र आर्थिक शक्तीको बलमा रोकिएको सबै भ्रष्टचारको मुद्दामा कारवाहिको थालनी

गरिनेछ। सरकारी कार्यालयहरुमा सेवाग्राहीले सकेसम्म कर्मचारी सँग भेट्न नपर्ने गरि पूर्ण अनलाइन प्रणाली को सुरुवात गरिनेछ।

त्यसैले भ्रष्टाचार र अनुचित कार्यमाथि नागरिक तहबाटै निगरानी राखेर त्यसबारे छानबिन र आवश्यक कारवाही सिफारिस गर्न स्वयात्त रहने गरि स्वतन्त्र तथा निष्पक्ष र शक्तिसाली नागरिक आयोगको व्यवस्था गरिने छ। मानिसलाई अनुशासित र सभ्य राख्नका लागि धार्मिक मूल्य र मान्यताहरुद्वारा प्रशिक्षित गर्ने, आध्यात्मिक चिन्तन जागृत गर्दै योग-ध्यानमा प्रेरित गरिनेछ।

## नि:शुल्क गुणस्तरीय शिक्षा र स्वास्थ्य

यस अभियान राज्य व्यवस्थामा प्रत्येक नागरिकहरूलाई निःशुल्क रुपमा गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्न प्रतिवद्ध छ। शिक्षामा एकरुपता ल्याउन सवैभन्दा पहिले पाठ्यक्रममा एकरुपता ल्याउन आवश्यक छ। सिप, संस्कार र प्रविधियुक्त शिक्षा बाहेक अन्य विकल्प छैन। विद्यार्थीलाई अन्य देशका विद्यार्थीसामु प्रतिस्पर्धामा उत्रिन योग्य शिक्षा दिनुपर्छ। प्रत्येक निर्वाचन क्षेत्रमा एक एक ओटा माहाविद्यालय बनाउन पहल गर्नेछौ । जसमा प्रत्येक माहाविद्यालयमा २० हजार विद्यार्थीले गुणस्तरिय शिक्षा लिन पाउने छन्।

१.स्वस्थ्य नेपाल खुसि नेपालि स्वास्थ्य सबैका लागि स्वास्थ्य सधैका लागि कार्यक्रम गरि उच्च स्तरिय सेवा सुविधा सबै गाउँ टोलमा स्वस्थ्य विमा मार्फत पुर्याएर नेपाललाई तपोभुमिको रुपमा विकाश गर्ने। हिमालयको देश शिवको देश बुद्धको देश नेपालमा पाइला टेक्यो भने मात्र पनि पवित्र भन्छ रे सबै रोग व्यथा हटेर शान्ति र खुसि मिल्छ रे भन्ने जस्तो भावना बनाउने।

२.शिक्षित नेपाल विकाशित नेपाल शिक्षालाई बिमा मार्फत निशुल्क गर्ने। स्वर्गका ७७ वटा टुक्रामा ७७ वटा मेडिकल, इन्जिनियरिङ, संस्कृतले अध्यात्म, कला, पर्यटन, बिजनेश हस्पिटालिटि, लगाएत कलेज खोलेर नेपाललाई एक ज्ञानभूमिको रुपमा विकाश गर्ने। पाठ्यक्रम फेरेर संस्कृत भाषासहित नेपालको विकाशको लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने।



## सामाजिक सुरक्षासहितको उन्नतिशील राज्य

उन्नतिशील तथा समान सामाजिक न्याय र सुरक्षा सहितको राज्य व्यवस्था हाम्रो परिकल्पना हो। नागरिकहरूका बीच अवसरको समानता, सम्पत्तिको समन्यायिक वितरण तथा जीवनको न्यूनतम् आवश्यकता आफै पुरा गर्न नसक्ने जेष्ठ नागरिक, बाल बालिका, असहाय, अपाङ्गता भएका व्यक्तिहरू, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, बेरोजगार, विपन्न र गरिब नागरिकहरूका लागि राज्यले सामाजिक सुरक्षा प्रदान गर्ने छ।

## पर्यावरणीय सन्तुलन र संरक्षण

शहरमा जहाँ खाली त्यहाँ हरियालीको अवधारणा अपनाइनेछ। वर्तमान विश्वमा तिव्र गतिले बढिरहेको औद्योगिकरण, जैविक, रासायनिक तथा आणविक हतियारको होड र त्यसबाट उत्पन्न हुने विकिरणयुक्त पदार्थ, हरित गृह, जलवायु प्रदुषण आदिका कारण तापमान वृद्धि भई मानवसामु विनाशकारी डढेलो, उष्णवायु, आँधी, तुफान, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, हिमपहिरो, सुख्खा पहिरो जस्ता प्राकृतिक विपदको जोखिम रहेको छ। जैविक विविधता तथा पर्यावरण संरक्षण एवम् सन्तुलनका लागि पार्टीले ठोस कदम चाल्ने छ। विकासका कार्यहरू अगाडि बढाउँदा पर्यावरण मैत्री, सन्तुलित र न्यायोचित ढङ्गले अगाडि बढाइने छ। हामीले हाम्रा धार्मिक मूल्य र मान्यताहरूले निर्देश गरेका प्रकृतिप्रेम नियमहरूलाई पालना गर्ने र गराउने छौं।

## उत्पादनमूलक अर्थतन्त्र

देशमा हाल करिब २० खर्बको वैदेशिक ऋणको भार नेपालीहरुको टाउको रहेको छ भने प्रत्येक वर्ष करिब १८ खर्बको व्यापार घाटा समेत रहेको छ। उक्त अवस्थालाई न्यूनिकरण गर्न हाम्रो लौरो अभियानले उत्पादनमुलक अर्थतन्त्रलाई जोड दिनेछ। नेपाल तथा अन्तर्राष्ट्रियस्तरमा समेत अत्याधिक माग रहेको हिमाली तथा पहाडी जडीबुटी, रक्त चन्दन, गाँजा, हेम्प लगायतका कृषिजन्य उत्पादनहरूलाई आवश्यक नीति तथा नियम बनाई व्यवसायिक उत्पादनका लागि सम्पूर्ण जनतालाई स्वीकृती प्रदान गरिनेछ। कृषिजन्य तथा स्वदेशी कच्चा पदार्थ प्रयोग गरि उत्पादन गरिने उद्योग कलकारखाना स्थापना गर्न राज्य द्वारा लगानी गरिनुका साथै निजि क्षेत्रलाई समेत

उक्त कार्यका लागि लगानी गर्दा विभिन्न छुट तथा सुविधा दिई प्रोत्साहन गरिनेछ। आयातलाई विस्थापित गर्दै निर्यातलाई स्थापित गर्ने नीति लिई देशको आर्थिक वृद्धिदर दोहोरो अंकमा पुऱ्याउने दिशामा प्रमुखताका साथ काम गरिनेछ।

## आत्मनिर्भर राष्ट्रको लागि कृषि

उचित मुल्य र बजारको सरकारले जिम्मा लिएर "एक पालिका एक उत्पादन" को निति लिइ कृषि उत्पादनको क्षेत्र तोकेर सामुहिक खेतीको सुरुवात गरिनेछ। कृषकलाई मल र विउ विजन उचित समयमा सुलभ मुल्यमा उपलब्ध, कृषिलाई पहिलो प्राथमिकता र कृषक हुनुमा गर्व गर्ने वातावरण बनाउनेछौ। तरकारी र अन्नबालीको सबै स्थानिय तहमा खरिद बिक्री केन्द्रको स्थापना गरिनेछ। सुलभ र सहज कृषि कर्जाका लागि एक स्थानिय तहका एक कृषि लघुवित्त स्थापना गरिनेछ। साना मझौला कृषकका लागि कृषि बिमा योजना ल्याउनेछौ। ५ बर्ष भित्र कृषकको आम्दानी दोब्बर हुने गरी निति तथा कार्यक्रम ल्याउनेछौ। सबै स्थानिय तहमा कृषि भण्डारण केन्द्र खोलिने छ। प्रत्येक प्रदेशमा कृषि अनुसानन्धन केन्द्र स्थापना गरिनेछ। अर्गानीक नेपाल आत्मनिर्भर नेपालः नेपालको हरेक वडामा नर्सरी बनाएर मास्टरप्लान गरेर स्वर्गको एक बगैचा जसरी सजाउन सामजिक र आर्थिक महत्वका बिरुवा रोप्ने। रुखहरुमा अगरउड रक्तचन्दन, बोधिचित्त फलफुल लगाएतका बिरुवा रोप्ने झाडि कागती अम्रिसो, भाड तथा जडिबुटिकी होस, कात्रा, फीत होत जमिनमुनि लसुन, अदुवा होस हरेक जमिनमा। AI,AR,VR लगाएतका अत्याधुनिक प्रविधिले नेपालको हरेक उत्पादनलाई संसारकै राम्रो र महँगो उत्पादन र सेवाको रुपमा बिस्तार गर्ने। सुस्मा मार्ट बनाएर सप्लाई चेन बनाएर कृषिमा आत्मनिर्भर बनाउने।

## पर्यटन

आफ्नो गाउँ आफै चिनाउ कार्यक्रम गरि स्वर्गको पहिचान नेपाललाई स्वर्गको एक बगैंचा जसरी सजाउने कृषि पर्यटन, शिक्षा, स्वास्थ्य हिमालय, खेलकुद, सांस्कृतिक, अत्यात्मिक हरेक छेत्रका पर्यटकको केन्द्रको रुपमा हाम्रो देशलाई सजाउने।



## सफा नेपाल हरियालि नेपाल

फोहोरबाट मोहोर कार्यक्रम गरि फोहोर श्रोतको रुपमा सहि सदुपयोग गर्ने। हरेक जिल्लामा १० लाख बिरुवा रोप्ने। हरेक वडामा संकलन केन्द्र र प्रशोधन केन्द्र स्थापना गर्ने।

## डिजिटल नेपाल समृद्ध नेपाल

AI, AR, VR, Blockchain लगायतको प्रयोग गरि सबै कुरा छिटो, सजिलो र पारदर्शि बनाउने। कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन हरेक कुरा डिजिटल रुपमा अगाडि बढाउने।

## पुँजिबजारको प्रबर्द्धन

कुनै पनि राष्ट्को आर्थिक सुचकको प्रमुख सुचकको रुपमा हेरिने पुँजिबजारलाई सुधार गर्दै अन्तर्राष्ट्रियस्तमा विकास गर्न र हाल कायम रहेका करिब ५३ लाख लगानीकर्ताको हितलाई मध्यनजर गर्दै लगानीकर्ता मैत्री बनाउन थप व्यवस्थित बनाई सुधार गरिनेछ। आम लगानीकर्ताको संरक्षण तथा प्रवर्द्धनका निम्ति लगानीकर्ता सहित सम्पूर्ण सम्बन्धित निकायहरुको प्रतिनिधित्व हुने गरी उच्चस्तरीय पुजिबजार तथा लगानीकर्ताका समस्या समाधान समिति गठन गरिनेछ। पुँजिबजार सम्बन्धि सचेतना कार्यक्रमलाई अगाडी बढाउदै अन्तर्राष्ट्रिय स्तरका विभिन्न उपकरणहरुलाई भित्राइनेछ। पुँजी बजारमा माग र आपुर्तिद्वारा निर्धारण हुने मूल्य र मनोविज्ञानलाई सरकार र नियामक निकायबाट आउने अस्थिर नितिले पार्ने प्रभाव कम गर्न पुँजिबजारलाई आवश्यक कानुन र संरचना बनाई स्वायत्त क्षेत्र घोषणा गरिनेछ।

## वैज्ञानिक कर प्रणाली

अर्थतन्त्रको मेरुदण्ड नै कर हो। नागरिकबाट उठाइएको कर नै नागरिकको हक हित साथै विकास निर्माणमा खर्च हुन्छ। तर, नागरिकका लागि खर्च हुने हो भन्दैमा जबरजस्ती कर लाद्नु हुँदैन। यसकारण नागरिकको आर्थिक वृद्धिदरसँग तालमेल हुने वैज्ञानिक कर प्रणालीका लागि पहल गर्नेछौं।

## अन्तराष्ट्रिय सम्बन्ध

नेपालले अन्तर्राष्ट्रिय जगतमा आफ्नो स्वतन्त्र पहिचान र अस्तित्व कायम रहदै आएको छ। आजको विश्वमा शान्तिपूर्ण सहअस्तित्व, सार्वभौम समानता, पञ्चशीलको

सिद्धान्त, राष्ट्रिय सुरक्षा, स्वाधीन अर्थतन्त्र, सांस्कृतिक र जनताको उन्नति लक्षित सम्बन्ध नै हाम्रो परराष्ट्र नीतिको आधारमा हुनेछ । राष्ट्रिय हितलाई केन्द्रमा राखी छिमेकी तथा मित्र राष्ट्रहरु सँग व्यापार, लगानी, पर्यटन तथा श्रम क्षेत्रमा सहकार्य गर्ने निति अपनाइनेछ । नेपालको भूमिलाई छिमेकी तथा मित्र राष्ट्रहरु विरुद्धमा प्रयोग हुने गरि कुनै पनि बाह्य गतिविधि गर्न दिइने छैन ।

## अन्तराष्ट्रिय योजनाहरु

Project Green Heaven= हरियो स्वर्ग

Green= Now Its Time to Save The

Planet= Heaven-lets appreciate this Planet a Heaven

१. Global Peace Union बनाएर हरेक वर्ष विश्व शान्ति सम्मेलन गर्ने

२. एसिया लगायत संसारका ७ वटा महादेशको शान्ती संगठन बनाएर हरेक वर्ष कार्यक्रम गर्ने ।

३. संसारभर पृथ्वी बचाउनका लागि वृक्षरोपण, फोहोरबाट मोहोर र दिर्घकालिन विकासमा अगाडी बढ्ने ।

४. पृथ्वी स्वर्ग हो हामी सबै मानिस भित्र भगवान छ भनेर संसारभर चेतना र अध्यात्म फैलाउने ।

५. Youth for Planet Earth Movement मार्फत प्रत्येक देशमा हामी सबैको साझा उद्देश्य पृथ्वीलाई स्वर्ग बनाउने हो भनेर अभियान चलाउने ।

६. १० वर्षमा नेपाललाई स्वर्गको नमुनाको रूपमा चिनाउने चिनाउने, २० वर्षमा एशियालाई शान्ति क्षेत्र स्वर्गको रूपमा समाउने ३० वर्षमा संसारभर नै खुसि, आशा र मानवता सहितको सुन्दर संसार निर्माण गर्ने ।

७. संसारभर नेपाललाई ज्ञानभुमी, तपोभुमी, सत्यभुमी, शान्तिभुमी, कर्मभुमी, देवभुमी र मोक्ष्यभुमिको रुपमा सजाउने ।

## कला, साहित्य र खेलको उच्च सम्मान

साहित्य, कला र खेल हामीबाट छुटाउनै मिल्दैन । सुशासनयुक्त राष्ट्र साहित्य, कला र खेल विना सम्भव हुन सक्दैन । देशको चिनारी साहित्यकार, कलाकार, खेलाडीहरुको



उच्च सम्मान त गर्नुपर्छ नै । उचित वृद्धि, विकासमा टेवा पुग्ने नीति नियम बनाउन पहल गर्ने छौं ।

## संस्कृती तथा सम्पदा जगेर्ना

राजनीतिक अभियान मार्फत हामीले देशभर जुन उभार ल्याएका छौं । गुँठी तथा सम्पदानको उचित व्यवस्थापनमा हामी गम्भीर छौं । सम्पदा, संस्कृतिमा धनी देशमा सम्पदा अतिक्रमणको शिलशिला नरोकिए गुँठी, सम्पदा, संस्कृति शब्दमा मात्रै सिमित हुन केही बेर लाग्दैन । हामीले हाम्रो अभियान मार्फत सम्पदान जोगाउने पहल गर्ने छौं । हरेक प्रदेशमा जातीय पोशाक तथा भेषभुषा संग्राहालय बनाउन पहल गर्नेछौं ।

## स्वदेश फर्क अभियान

मुलुक बाहिर विभिन्न देशहरुमा रहेका नेपाली विद्यार्थी, व्यवसायी तथा विज्ञहरुलाई आफ्नै देश फर्केर आफ्नो ज्ञान र लगानि भित्राउनको लागि सहज निति नियम निर्माण गरि आव्हान गरिनेछ । उनीहरुलाई अति महत्वपूर्ण व्यक्तित्वको रुपमा राज्य द्वारा परिचय पत्र सहित सम्मान दिई प्रोत्साहित गरिनेछ ।

## सडक तथा भौतिक पुर्वाधार

भारत/चिन तथा अन्य छिमेकी राष्ट्रहरुका पर्यटकलाई लक्षित गरि हिउ खेल्ने र धार्मिक तथा सास्कृतिक पर्यटन बढाउने मुल लक्ष्यका साथ उत्तर दक्षीण रणनैतिक पर्यटकिय राजमार्ग निर्माण गरिनेछ । मुख्य राजमार्गहरुलाई आधारभुत मापदण्ड सहितको अन्तराष्ट्रिय स्तरको बनाइनेछ । हरेक पालिकाको केन्द्र देखि मुख्य राष्ट्रिय राजमार्ग सम्म जोडने गरि बर्षै भरि यातायात चल्ने गरि कालो पत्रे सडक निर्माण गरिने । सार्वजनिक सवारीसाधनलाई सडकको स्तर अनुसार वर्गिकरण गरिनेछ । हाल सम्म करिब ६०,००० कि.मि भन्दा बढि ग्रामीण सडकहरु निर्माण भएको अवस्थामा त्यस मध्ये १० प्रतिशत भन्दा कम मात्र सवारीसाधन गुड्न योग्य छन । तसर्थ राज्यको ठुलो लगानी गरि ग्रामीण भेगमा निर्माण गरिएका नन ईन्जिनियरिङ सडकलाई मापदण्ड अनुसारको बनाउन सम्भव भए सम्म प्रयत्न गरिनेछ । नयाँ सडक बनाउने भन्दा भएका सडक लाई नियमित तथा आवधिक मर्मत संभार (Routine and Periodic Maintenance) गरि संचालनमा ल्याइनेछ । राष्ट्रिय महत्वको सडक, केवलकार, पार्क, सिचाई योजना ल्याण्डफिल्ड साइट, खानेपानी योजना, रंगशाला,

एकृकित आवास, विपद् व्यवस्थापान केन्द्र, कोल्ड स्टोरेज तथा कृषिबजार जस्ता ठुला संरचना आवस्यक्ता अनुसार निर्माण गरिनेछ।

### उर्जा

राष्ट्र निर्माणको लागि विद्युत बेचेर भन्दा खपत गरेर मात्र सम्भव भएको कुरालाई मनन गर्दै स्वदेशमा नै आन्तरिक खपत बढाउन तर्फ ध्यान केन्द्रित गरिनेछ। पेट्रोलियम पदार्थ र ग्यास आयतले गर्दा राष्ट्लाई परेको व्यापार घाटा कम गर्ने र डलर संचितिलाई दिर्घाकालीन रुपमा जोगाउन विद्युत महसुल घटाई विद्युतिय सवारी साधन, विद्युतिय चुलो तथा अन्य बिधुतिय उपकरणमा सरकारले लगाउदै आएको करमा समेत भारि छुट दिई विद्युत खपत बढाउन प्रोसाहित गरिनेछ। विद्युतिय सवारी साधनका लागि अवाश्यकता अनुसार देशभरि चार्जिङ्ग स्टेशन निर्माणको लागि निजी क्षेत्रहरु संग सहकार्य गरिनेछ। विद्युत निर्यातहका लागि बजारको ठुलो सम्भावना बोकेका भारत/बंगलादेश लगायतका राष्ट्हरु संग विद्युत व्यापारका लागि आवश्यक संरचना र प्रसारण लाईन निर्माणमा जोड दिइने।

### आविष्कार तथा अनुसन्धान केन्द्र स्थापना

नयाँ आविष्कार खोज तथा अनुसन्धानको कार्यमा संग्लन हुन चाहाने बैज्ञानिक तथा विज्ञहरुको लागि केन्द्रमा एक र सातै प्रदेशमा एक एक सुविधा सम्पन्न आविष्कार केन्द्रको स्थापना गरिनेछ। हाल महाविर पुनको नेतृत्वमा संचालनमा रहेको आविष्कार केन्द्रलाई सुविधा सम्पन्न बनाई दिर्घकालिन रुपमा स्वचालित रुपमा संचालन हुने गरि आवश्यक मात्रामा आर्थिक तथा प्राविधिक सहयोग गरिनेछ।

### जनमैत्री सार्वजनीक सेवा

सार्वजनिक कार्यालयहरुमा दिने सेवालाई पारदर्शी, झन्झट रहित र भ्रष्टचार मुक्त बनाउन आधुनिक डिजिटल प्रणालिको बिकास गरिनेछ। नागरिकहरुले सार्वजनिक सेवा तोकिएको समयमा पाउने व्यवस्था गरिनेछ। प्रविधि र शुसासनलाई पहिलो प्राथमिकतामा राखिने छ।



### योग्यता र क्षमताको आधारमा खुल्ला परिक्षाद्धारा नियुक्ती

आवश्यक निति तथा कानुन बनाई सवैधानिक निकाय, न्यायलय सार्वजनिक तथा अर्ध सरकारी निकायमा गरिने राजनितिक पूर्णतया खारेज गरि योग्यता, क्षमता र अनुभवको आधारमा लोक सेवाबाट खुल्ला परिक्षा लिई नियुक्त गरिनेछ।

### मानवीय खुसी

मानवीय खुसी र स्तरीय जीवन प्रणाली अभियानको ध्येय हो। पूर्वाधारको विकास र तिव्र आर्थिक वृद्धिले मात्र मानिसको जीवनमा खुसियाली ल्याउन सक्दैन, हामीले मानिसको जीवनलाई सार्थक र सन्तुष्ट बनाउने वातावरणको निर्माण गर्नेछौ। योग, ध्यान र मानवीय मर्यादा साथै प्राकृतिक नियमहरुको समुचित मिश्रण मार्फत मानिसको आत्मिक सुखलाई प्रवर्धन गरिनेछ। जेष्ठ नागरिकहरुको लागि प्रत्येक स्थानिय तहमा मनोरंजन पार्क र ध्यानकेन्द्रको स्थापना गर्नेछौ।

### अन्त्यमा

सँगै मानव सभ्यताको सुरुआत गरेका अन्य देश विकासको फड्को मारि रहँदा नेपाल किन पछि परि रह्यो ? यहाँहरुलाई थाहै छ, यसको एउटै कारण हो देशको अस्थिर राजनीति र नेतृत्व। प्राकृतिक सम्पदाले धनी हुँदाहुँदै पनि असल नेतृत्व नपाउँदा हामी पछि परेका हौं। पुराना राजनीतिक दलका अनेक गल्ति व्यहोरेका हामीले गल्ति नदोहोर्याउने प्रण गर्छौं। हामी आफूले गर्न सक्ने बाहेकका कच्चा ककबाँचा गर्दैनौं। हामी जे जति गर्न सक्छौ, हामी जुन जुन विधामा सक्षम छौं त्यति नै गर्छौं। बाँकी, सक्षम हुँदाहुँदै पनि अवसर नपाउनु भएका तपाईहरुको क्षमता चिनेर सबैसामु ल्याउनु हाम्रो राजनैतिक धर्म हो। अवसर आफैं आउँदैन सिर्जना गर्नुपर्छ भन्ने हामीले बुझेका छौं। यो वा त्यो बहानामा अलमल्याई रहने र देशलाई अँध्यारो बाटा तर्फ धकेल्ने छुट कसैलाई पनि छैन।

अहिले हामी हाम्रो नेपाली पार्टीको "**नौरो अभियान**" घोषणा गर्दै देशमा एउटा हस्तक्षेप रहित सशक्त स्वतन्त्र, राजनैतिक विकल्प निर्माणको माहान अभियानमा छौं। असान्दर्भिक विचार बोकेर बैकल्पिक राजनैतिक शक्ति निर्माण हुँदैन। त्यसैले

विचारको दृष्टिले नयाँ तथा समय सापेक्ष र शक्तिको हिसाबले पहिलो बनाउने हाम्रो लक्ष्य हो। हाम्रो अभियानले समान विचार र दृष्टिकोण राख्ने अन्य बैकल्पिक शक्ति, स्वतन्त्र समुह वा व्यक्ति-व्यक्तित्व सबैलाई एकतावद्ध र एकिकरण हुन थप प्रेरणा दिने छ भन्ने हाम्रो विश्वास छ। आज देशले तीव्र सामाजिक आर्थिक परिवर्तन खोजेको छ, जनताले स्वाधिनता र उन्नति खोजेका छन् । देशको स्वाधिनता र स्वाभिमानको रक्षा सरकारको मात्र नभई आम नागरिकको दायित्व हो। नेपाललाई स्वाधिन र उन्नत बनाउनु हामी सबैको लक्ष्य हो। अतः आउनुहोस, देशमा विद्यमान सबै खाले विभेद, असमानता, कुशासन र वैदेशिक हस्तक्षेप बाट मुक्तिका लागि मंसिर ४ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा "**लौरो चुनाव चिन्ह**" मा मतदान गर्न हुन सम्पूर्ण मतदाताहरुमा हार्दिक अपिल गर्दछौ। धन्यवाद !

**चुनाव चिन्ह लौरो**